# सडक नाटक
## छाउपडी र हाम्रो समाज

दृष्य १

२ ४ जना कोरस (केटाहरु )कराउँदै आउन्छन ।

कोरा १ एउटा गाँउमा ठाउमा वस्तीमा र एउटा समुदायमा

कोरस २ आउनुहोस आउनुहोस जहाँ धनविरे वस्तछ ।

कोरस ३ धनविरेको गाँउमा केही राम्रो भएको छैन ।

कोरस ४ जहाँ धेरै भेदभाव गर्दछन ।

गाँउले केटा : कराउँदै आउन्छ, धनविरे काका धनविरे काका ठुलो स्वरमा धनविरे काकालाई वोलाउन्छ ।

धनविरे : को हो हँ भन्दै वाहिर निस्कन्छ ।

(दुवैविच ढोग भेट गरी अन्य कुरा हुन्छ )

गाँउले केटा : काका पल्लो वाडा रामेकाकाले त आफ्नी छोरी छुई भएको बेलामा घरभित्र वसालेका छन ।

धनविरे : रिसाउँदै कराउन्छ त्यो रामेले त समाज प्रति उल्टो काम गर्ने,धर्म विपरित काम गर्ने? बावु वाजेको इज्जतमा दाग लगाउने काम गर्ने त्यस्को यत्रो हिक्मत छ ।

गाँउले केटा : यस्तालाई त यो समाजबाट निकाल्नु पर्छ । त्यस्ताको केहीपनि कार्यमा हामिसवै सहभागि हुनु हुँदेन काका ।

धनविरे : हो भाउअ कमसेकम अलि सोच विचारत गर्नु पर्छ छुई भएकीलाई किन घर लियो होला त्यस्ले गोठमै राखेको भएत हुन्थ्योनि । लो वर्वाद पार्‍यो हाम्रा सवै थार्पामस्ट विगार्ने भयो त्यस्ले त ।

धनविरेकी श्रीमति : आउन्छ किन रिसाएका छौ, विहान विहान हँ ।

धनविरे: म नरिसाए को रिसाउला सवै गाँउले त रिसाएका छन ।

धनविरेकी श्रीमति (उजेली) : किन रिसाएत सवै गाँउले । त्यस्तो कस्ले के गर्‍यो हँ यो गाँउमा

गाँउले केटी : को क्या गर्‍या थियो त्यो पल्ला वाडा राम्याले आफ्नी छोरी छुई भया बेला घर भित्र लियो ।

(उजेली अलि पढेलेखेकी छिन उनले महिला हक हितका कुरा पनि गर्छिन )

उजेली : अवको यो परिवर्तन शिल यूगमा पनि छुई मानेर हुन्छ

धनविरे : रिसाउँदै जाउँ अहिलै रामेलाई सवक सिकाउनु पर्छ । त्यहाँबाट जान्छन ।

(धनविरे लगाएत गाँउका ४ ५ जना रामेको घरतिर जान्छन । .................)

हरि : ठुलो स्वरमा वोलाउन्छ । ए रामे रामे चामे कहाँ छस हँ खुरुक्क वाहिर आईजा (३ पटक सम्म ।)

रामे : को हो भन्दै बाहीर आउन्छ । नमस्कार भन्दै किन मैले के अपराध गरे सवैजना रिसाएर आउनु भएको छ के काम परेको होला ।

धनविरे : अझ वढी वोल्छस, तैले त ठुलो अपराध गरेको छस यो समाजमा अहिले सम्म यस्तो कर्ततुत कसैले पनि गरेको थिएन जुन तैले गरेको छस

गाँउले केटा : अझ ढुक्क संग मैले के गरेको छु भनेर अगाडी ढुक्क संग अगाडी आउनु अलिकति पनि लाज लाग्दैन हँ नकचरा ।

रामे : हेन साँचै मलाई केहि पनि थाहाँ छैन । के गरे मैले समाजमा नराम्रो असर पर्ने गरी मैले केही गरेको  छैन ।

धनविरे : अ ढिटा चोरका कर्रा डाका भनेको यहि हो तैले के गरीस थाहाँ छैन ल सुन छुई भएकी चेलीबेटीलाई गोठमा नराखी सिधै घरमा लिएर राखिस त्यहि अपराध यस्तो अपराध हाम्रो समाजमा लागु हुँदैन त्यसैले हामि सबैले निर्णय गरेका छौ कि तँलाई यो समाजबाट बाहिर ननिकाले पनि सामाजिक बहिस्कार गर्ने निर्णय गरेका छौ ।

हरि : तेरो घरमा विवाह वर्तवन्ध राम्रो नराम्रो कुनै पनि कार्यमा समावेश हुने छैनउ बुझिस ।

रामे : मेरा कुरा त सुन्नुहोस ।

धनविरे : तेरा केहिपनि कुरा सुन्दैनौ ।

रामे : ठिकै छ आज यो परिस्थीति मेरो घरमा आएको छ भोली का दिनमा धनविरे दाई तपाईको घरमा पनि यस्तो परिस्थिति तपाईको घरमा पनि आउला विचार गर ...........

धनविरे : जाँउ जाँउ गाँउँलेहरु यस्तका कुरा सुनेर हुन्छ जे होगा देखा जाएगा

भन्दै सबै त्यताबाट जानन्छन ।

रामे : एक्लै हे भगवान कास्ता दिन आयो यस्तो २१ औं सताब्दीमा पनि ।

दृष्य २

कोरस : १ धनविरेले रामेको परिवारलाई सामाजिक बहिस्कार गऱ्यो ।

२ धनविरेले सही र गलत छुट्याउन सकेन ।

३ धनविरेका गाँउका नारी चेलीले पाउनु दुःख पाए ।

सबैजना : हामि सबैमिलेर छुई प्रथाको अन्त्य गर्नु छ भन्दै जान्छन ।

(गाँउको लाटो अलिअली बोल्ने धेरै नबोल्ने जसको विवाह भएको हुँदैन अविवाहित केटी देख्ने वित्तिकै विवाहको प्रस्ताव राख्ने हुन्छ ।)

लाटो : रुदै आउन्छ । हु हु हु हु   मकन कोही पनि मायाँ गर्दैनन सबैजना हेला गर्छन राम्रो केटी पाएको भए विवाह गर्ने थिएँ, यस्तै कुरा गर्दै हिडीरहेको हुन्छ ..................।

(यतिकैमा रिता जो गाँउकी १६ वर्षे केटी विद्यालय तिर जाँदै गरेकी देखा पर्छ )

लाटो : रितालाई देख्छ । आमै कति राम्री केटी हो । यहिकन विवाह गर्न पाएको भए कति मजा हुन्थीयो भन्दै रुदै त्यो केटी भएको ठाँउ तिर जान्छ ।

रिता : किन रोएको ।

लाटो : मकन कोही पनि मायां गर्दैनन् । सबै हेला गर्छन । म तिमि जस्तै राम्री केटी पाएको भए विवाह गर्ने थिएँ ।

रिता : म तोकन राम्री केटी हेरी दिउँला हैक्या ।

लाटो : म तिमि कन विवाह गर्न्यू फेरी रुनछ ।
रिता : चुप चुप, मेरो विवाह गर्ने उमेर भएको छैन तिमि कन मेरो एक दिदि छन उस्लाई कुरा गरी दिउला ।
लाटो : खुसी हुँदै, नटोट्टयायस टोट्टयाईस भने म तो कन भगाई लिनिउ थाहाँ पाईस ।
रिता : म टोट्टयाउन्न बरु तैले एक कुरा मान्नु पर्छ वुजिस ।
लाटो : क्या कुरा हो भन भन, अहिले भन, खुरुक्क भन ।
रिता : तेरो श्रीमती छुई भएपछि गोठमा नराखी घरमै राख्छु भन अनि तेरो विवाह गरी दिउँला ।
लाटो : हुन्छ हुन्छ । भन्दै आफ्नो बाटो लाग्छ ।
(छाउपडि सम्वन्धी तालिम दिन गैसस मा काम गर्ने एउटा ब्यक्ति धनविरेको गाँउँ तिर जाँदैगरेको हुन्छ विचमा चिया पसल भेटे पछि नमस्कार साहुनी भन्दै चिया खान वस्छ )
साहुनी : कस्तो चिया चाहियो तपाईलाई कालो की सेतो ?
कर्मचारी : दुध चिया । दिनुस न ।
साहुनी : के कति कामले आउनु भएको थियो होला हाम्रो गाँउ तिर ।
कर्मचारी : म संस्थामा काम गर्दछु । यो गाँउमा छाउपडी निर्मुल गर्नका लागि तालिम दिन  आएको हु ।
साहुनी : आमै तपाई यहाँबाट अगाडी नगए राम्रो । तपाई फर्की हाल्नुस यतैबाट ।
कर्मचारी : किन र ?
साहुनी : यो गाँउमा धनविरे जस्ता कति छन कति जो अहिलेको यूगमा पनि पुरै लादेर समाज चलाइका छन जस्ले महिलाहरुलाई दमन गरेर बसेका छन छुई महिलालाई घरमा राम्रो संग नराखेर पशु जस्तै गरेर गाई गोठमा वा छुई गोठमा नराम्रो ठाँउमा राख्दछन । यस्तो काम लिएर जाने तपाईलाई कुटी हाल्छन फर्केर जानुहोस ।
कर्मचारी : तपाईलाई धन्यवाद यो गाँउको यथार्थ भन्नु भयो । म फर्केर जाँदैन हाम्रो कर्तब्य भनेकै यस्तै नवुझेका ब्यक्तिहरुलाई वुझाउँदै हिड्ने हो त्यो धनविरेले पनि त नवुझेर गरेको होला उसलाई पनि भेटेर सम्झाउन्छु ।
साहुनी : तपाईको राम्रो सोच रहेछ । जुन काममा आउनु भएको छ त्यो काम सफल होस । हस्त ॥
कर्मचारी : हुन्छ नमस्कार ।

दृष्य ३

कोरस १ दिन वित्यो साता वित्यो महिना वित्यो र वर्ष वित्दै गयो ।
२ धनविकी छोरी पनि ठुली भैसकी ।
३ उस्की छोरी पनि छुई भई सकेकी हुन्छ ।
४ अव के हुन्छ आउनुहोस ।

(विहानै धनविरे गाँउँतिर घुम्न जानलागेको हुन्छ )

धनविरे: ए बुढी कहाँ छस कोट ल्याएर वाहिर आईज त म पल्लो गाँउ घुम्न जान्छु ।

उजेली : कोट दिदै, कति दुःख दिन जानेको हो आफै लिएको भए नि हुन्थ्यो नि ।

धनविरेकी छोरी सविना : (कतैबाट आंउदै बावुलाई समात्न खोज्दै) कता जान लागेको बा ।

धनविरे : उता जा उता जा , छुई भएको बेला बावुलाई छुन्छस बाँदर्नी भन्दै गाली गर्छ ।

सविना : रुदै उता जान्छ ।

उजेली: किन रिसाएका छौ । सानो उमेरमा छुई भईगई यस्लाई के थाहाँ छ के भलो के फुच्चो भन्ने कुरा । को मुर्खले ल्याएको थियो यो छुई मान्य चलन त्यो त ठुसुक्कै होस ।

धनविरे : नकरा परम्परा रितिरीवाज हाम्रो संस्कृति हो यो प्रथालाई सवैले मानेर आाएका छन हामिले पनि मान्नु पर्दछ ।

उजेली : मानिसलाई दुःख दिने, पिडा दिने, समस्यालाई नवुझ्ने र विभेद गर्ने पनि संस्कृति हुन्छन यो त संस्कृति भित्रको कु संस्कृति हो यस्ले हाम्रो धर्म र संस्कृतिलाई नै वदनाम गरेको छ । तिमिलाई थाहाँ छ एउटा महिलाले जिवन भरीमा ५ वर्ष ३५ दिन गोठमा वस्नु पर्छ अनि कति रोगी हुन्छन महिला यस्तो पिडालाई ध्यान नदिने पनि रितिरिवाज हुन्छ कुरा गर्दा ...

धनविरे : रिसाउँदै उता जा धेरै नकरा भन्दै हिडछ ( छोरी बसेको ठाँउँको अवलोकन गर्दै )

(कर्मचारी र रामेको भेट हुन्छ ति दुई विच कुराकानी हुन्छ रामेलाई सामाजिक वहिस्कारगरेको अव यो प्रथालाई अन्त्य गर्नु पर्छ दुवैजना बाटोमा हिडदै गरेका हुन्छन परबाट धनविरे आउन्छ )

कर्मचारी र रामे दुबै : दाई नमस्कार । (धनविरेलाई नमस्कार गर्छन)

धनविरे : त रामे सामाजिक वहिस्कार भएको मान्छेको नमस्कार खाँदैन । नयाँ मान्छे को हुन तिमिलाई नमस्कार ।

कर्मचारी : हैन धनविरे दाई यस्तो जगन्य अपराध गर्नु भएको छ रामे दाईले । जहाँकी समाज देखि वहिस्कार नै गर्नु पर्ने ।

धनविरे : तपाई यहाँको नयाँ मान्छे हो तपाईलाई केही पनि थाहा छैन त्यसैले तपाई नवोल्दा नै राम्रो

कर्मचारी : मलाई यो गाँउँको सवै कुरा थाहाँ छ । रामे दाईले मलाई भनि सक्नु भएको छ । म पनि यो गाँउको छुई प्रथा निर्मुल गर्न आएको हुँ तपाँई पनि हामिलाई सहयोग गर्नुहोस ।

धनविरे : हुनै सक्दैन म यो गाँउमा त्यस्तो हुनै दिदैन ।

रामे : मलाई थाहाँ थियो सर यो परंपरावादी गोवरले यो गाँउ ठाँउ परिवर्तन गर्न दिदैन भनेर ।

धनविरे : के भनिस भन्दै झगडा गर्न खोज्छन दुवैजना ।

कर्मचारी : - छुट्याउदै ) दुवैजना खासगरी धनविरे दाई मेरो कुरा सुन्नुहोस ।

- छुई भनेको रितिरिवाज संस्कृति होईन महिलाहरुको खराव विग्रेको रगत हो जुन महिनामा एक पटक सवै महिलामा यो रगत वग्ने गर्दछ ।
- ह्मम्रा पुर्खाहरुले यसलाई आफ्नो सासनको रुपमा संचालन गरेका हुन जुन महिलालाई ओडारमा राख्ने गोठमा राख्ने बढी जान्न वुझ्न नदिने गरेका हुन ।

- यो अवस्थामा पनि महिलालाई ओडारमा गोठमा जस्ता फोहर ठाँउमा राख्ने नराम्रो चलन हो यो यस्लाई परिवर्तन गर्नु पर्छ दाई ।
- त्यतिमात्र कहाँ हो र दाई त्यस्तै फोहर ठाँउमा वसेर धेरैजना महिलालाई ठुला ठुला रोग लागेर मृत्य पनि भएको छ ।
- हामिले आफ्ना चेलीहरुलाई गोठमा नराखी सरसफाई गर्न लगाएर उस्कै कोठामा वस्न दिनु पर्छ ।
- अनि देवताले घरभित्र पस्न दिन्न भन्ने मान्यता छ नि त्यो विलकुल गलत हो । कुनैपनि देउताले त्यस्तो विभेद कहिल्यै पनि गर्दैनन् । कुनै पनि शास्त्रमा लेखेको छैन की विष्णु भगवानी पत्नी लक्ष्मी छुई भएर वाहिर वसिन ।

धनविरे : यो गाँउमा यो ठाँउमा मेरो हुकुम चल्नु पर्छ यस्तो हुँदैन छुई भएकी महिला गोठमा नै वस्नु पर्छ । यति वुझि राख । भन्दै जान्छ ।

रामे : मैले भनेको हुँ सर यो बुभ्ने खालको मान्छे होईन यो पशु संग कुरा गरेको अर्थ छैन १२ वर्ष सम्म कुकुरको पुच्छर ढुङग्रीमा राख्यो वाङगा वाङगै् भनेको यहि हो ।

कर्मचारी : ठिकै छ अहिले घमण्ड गरेको छ पछि आफ्नै घरमा समस्या पर्छ थाहाँ पाउन्छ ।

दुवै जना जान्छन ।

दृष्य ४

विद्यालयमा कक्षा ९ मा एक शिक्षकले कक्षाकोठामा अध्ययन गराउँदै हुन्छन त्यस कक्षामा धनविरेकी छोरी र रामेकी छोरी र अन्य गाँउका केटाकेटीहरु हुन्छन ।

शिक्षक : ल विद्यार्थीहरुहो आज समाजमा हुने एक समस्याको वारेमा छलफल गरौं है ।

विद्यार्थी : सर कुन विषय हो ।

शिक्षक : छाउपडीको विषय हो ।

विद्याथी : के हो सर यो छाउपडी भनेको ?

शिक्षक : छाउपडी लाई स्थानिय भाषामा छुई भनिन्छ

एउटा विद्यार्थी : ए ए सर हाम्रो कक्षाकी सविना छुई हुन्छ ।

शिक्षक : अनि छुई लाई यस ठाँउमा के गर्दछन कहाँ राख्दछन ?

रामेकी छोरी सर्मिला : सर म पनि छुई हुन्छु तर मेरो घरमा त गोठमा नराखी घरमै वसाल्छन मेरो आमा वावाले

सविना : सर मलाई त धेरै दुःख छ मेरा बाबा भरमा वस्न दिनु हुन्न गोठमा फोहर ठाँउमा वस्नु पर्दछ मेरो जीउ पनि कमजोर छ यस्तो बेलामा त घरमै सफा ठाँउँमा वस्नु पर्छ हैन सर ।

एउटा विद्याथी : हो हो सर यो कुप्रथालाई त हाम्रो समाजबाट हटाउनु पर्छ ।

शिक्षक : हो विद्यार्थीहरु हो मैले यहि आषा गरेको थिएँ यस्तो सामाजिक कु प्रथालाई हटाउनु पर्छ अनि मात्र सवैको भलो हुन्छ ।

(सवै मिलि यो प्रथाको अन्त्य गर्नु पर्दछ आजैबाट सवैले वाचा गरौं की सवै मिलि हाम्रो समाज परिवर्तन गर्नु पर्दछ। भन्दै शिक्षक विहिरिनछन )
(शिक्षक धनविरेलाई सम्झाउनका लागि उसको घरमा जान्छ )
शिक्षक : धनविरे दाई ए धनविरे दाई।
धनविरे : को हो हँ (वाहिर निस्कन्छ )
शिक्षक : नमस्कार दाई।
धनविरे : नमस्कार भन्दै के कति कामले आउनु भएको हो भन्दै उजेली सर आउनु भएको छ चिया वनाउ त भन्छन।
शिक्षक यसो तपाई संग केही कुरा कानी थियो गरौ भनेर आएको।
धनविरे : भन्नुस न के हुरा हो।
शिक्षक : भने पछि तपाई दुःख मान्नु होला तर नभनि नहुने कुरो हो। आजभोली तपाईकी छोरी धेरै कमजोरी भएकी जस्ती छन। पढाईमा पनि त्यति ध्यान दिदिनन्। के भएको हो ?
धनविरे : यो उमेरमा त यस्तै हुन्छ अलि अलि लोसे त भई हाल्छन त।
शिक्षक : हैन तपाँईको छोरीलाई केही न केही रोग त लागेको छ समयमै विचार पुराई हाल्नुहोस। अनि अहिले तपाईको गाँउमा छुई प्रथा धेरै नराम्रो संग मौलाएको छ। छुई भएको बेलामा छोरीलाई गोठमा सुताउनु हुन्छ एउटा त्यहि कारणले गर्दा पनि तपाईको छोरी कमजोर भएकी होलिन।
धनविरे : वढी कुरा नगर्नुहोस यो केहि पनि होईन तपाईको काम पढाउने हो पढाउनुहोस अनि आफ्नो बाटो लाग्नुहोस।
(उजेली चिया ल्याएर आउन्छन चिया शिक्षकलाई दिन खोज्दै )
शिक्षक : यस्ता समाज द्रोहीको घरमा चिया त के पानि पनि खाँदैन।
भन्दै शिक्षक हिड्छन।
उजेलि : मास्टर साव पर्खनुस पर्खनुस (तर मास्टर साव हिडिसकेका हुन्छन र आफ्नो श्रीमान लाई रिसाउँदै भित्र जान्छन।

दृष्य ५
(गाँउकी २-३ केटीहरु बाटोमा कुरा गर्दे बाटोमा कुरा गर्दे हिड्दै कुरा गर्दे )
केटी १ : हाम्रो नारीको जीवन त धिक्कारै हो। अहिलेको यूगमा पनि धेरै कुरा सह्यर वस्नु पर्ने।
केटी २ : सही कुरा गरीस आजको यो दिना दिनमा भईरहेको समाज परिवर्तन ले हाम्रो समाजमा भने कहिले परिवतृन हुने होला। यहाँ त अझै रुढीवादी संस्कारले छाडेको छैन।
केटी ३ : हो त तिमिहरुले थाहाँ पाएकी छौ धेरै ठाँउँमात यस्तो प्रथाको अन्य भई सकेको छ के गर्ने हाम्रो गाँउमा त यो अझै चर्को रुपमा मौलाउँदै गई रहेको छ।
केटी १ : हो हो मत जुन केटाले छुई मान्दैन उसै संग विहे गर्छु हो साथी हो।
केट्री २ : हो हो म पनि त्यस्तै घर खोजेर विहे गर्छु।

केटी ३ : तिमिहरु आफ्नो स्वार्थलाई मात्र हेर्ने । हामि सवैले मिलेर समाज बाट यस्ता कु प्रथाको अन्त्य गर्नु पर्दछ ।

( गाँउको एक ठाँउमा विवाह भएको थियो । गाँउका केटाकेटीहर पनि नाचिरहेका हुन्छन । धनविरे की छोरी विहान छुई भएकी हुन्छ । उसको वावुलाई थाहाँ हुँदैन । सविना रमाईलो मानेर सवै नाचिरहेको ठाँउमा गएर नाच्न लाग्छ ।)

हुड्क्या नाच्दै हुन्छ

धन्न मेरा राजै तिमि दाईना भया ।
धन्न मेरा गाँउलेउ तिमि दाईना भया ।
धन्न मेरा राजै तिमि दाईना भाया
धन्न मेरा गाँउले तिमि दाईना भया ।
म गाँउ गाँउ गएको घर घरमा खुसी छाएको खुसी छाएको ।
समाज परिवतृन गर्न लाई सवै एकजुट
हुनु पर्छ आउ आउ सवै एकजुट हुनु पर्छ
गाँउ घरलाई राम्रो पार्न सवै मिल्नु पर्छ
आउ आउ सवै मिल्नु पर्छ
म गाँउ गाउ गएको घर घरमा खुसी छाएको ।
विवाह भयो नाचगान भयो सवको मन हर्स
आउ आउ सवको मन हर्स
समाजको कुरीती हटाई राम्रो काम गरौं यहि वर्ष
आउ आउ राम्रो काम गरौ यहि वर्ष
म गाँउ गाउ गएको घर घरमा खुसी छाएको ।

नाच्दै हुडके त्यहाँबाट जान्छन ।

सविना : सवै नाचेको देखेर भन्छ म पनि नाचु नाचु भनेर नाच्न लाग्छ ।

गोमा : ए सविना तो छुई भएकी छस छुई भएकाले यहाँ नाच्न हुँदैन जा ननाच ।

गाउँले : कस्ति पागल केटी रही छ भलो फुच्चो थाहाँ नपाउने । त छुई पनि यस्तो ठाँउमा आउनान त । जा जा गै हाल

सविना : रुदै जान्छ र बाटोमा एक्कासी ढल्छ ।

कर्मचारी र शिक्षक : ओ हो को हो त यसी वाटोमा ढलेको भन्दै उठाउन जान्छन ।

शिक्षक : यीनी त सविना हुन धनविरे दाईकी छोरी ।

कर्मचारी : ल ल तुरुन्तै अस्पताल लैजाउन ,रामे पनि आईपुग्छ ।

रामे : के भयो हँ ।

शिक्षक : रामे दाई तपाई धनविरे दाई र भाउजुलाई ल्याएर अस्पताल आउनुहोस हामी सविनालाई लिएर गयौ ।

रामे :  हुन्छ हुन्छ म वोलाउन गएँ ।

ह्तार हतार मा

रामे : धनविरे दाई ए धनविरे दाई ए उजेली भाउजु

धनविरे : तो वहिस्कार भएको मान्छे फेरी किन मेरा घरमा ।

उजेली : पहिले वाबुका कुरा त सुन ।

रामे : मलाई कारवाहि पछि गरौला अहिले तुरुन्त आउनु अस्पताल जाँउ ।

उजेली : किन वावु अस्पताल जानु पर्ने ।

रामे : सविना विरामी भएकी छन कर्मचारी र सरले लिएर गएका छन आउनुहोस हामि पनि जाम ।

धनविरे : क्या भयो हँ तैकन जाम हिड हिड । ( सवै जना अस्पताल तिर जान्छन )

(सविनालाई अस्पतालको वेडमा राखेका हुन्छन अलि कति होस आएको अवस्था हुन्छ )

धनविरे : रुदै मेरी छोरी भन्दै समात्छ ।

शिक्षक : धनविरे दाई तपाईकी छोरी छुई भएकी छन त ।

धनविरे : छुई क्या चाटला छोरी वाँच्या भैगो छुइ सुई छोड पुडो ।

कर्मचारी : अरुलाई छुई छुनु हुदैन भन्ने मान्छे त आज आफै छुईने ।

रामे : हो महिले पहिलानै भनेको थिए अर्काको मामिलामा वोल्न सजिलो हुन्छ भनेर जव आफुलाई परे पछि थाहाँ हुन्छ ।

धनविरे : रुदै जानिन हराएँ विराएँ मकन ज्या सजाए दिनछौ पाउन तयार छुं ।

उजेली : वल्ल मेरा श्रीमानको आँखा खुले ।

त्यतिकैमा डक्टर आउन्छन ।

डक्टर : के को हल्ला हो हँ यसरी हल्ला गर्नु हुँदैन यो तपाईको हल्ला गर्ने ठाँउ होईन ।

धनविरे : डाक्टर साव मैले गल्ती गरे साप

डक्टर : तपाईको गल्तीले गर्दा तपाईकी छोरी विरामी भएर यहाँ आउनु पऱ्यो ।

उजेली : के भयो डाक्टर साव भनिदिनुस न ।

डाक्टर : तपाईले यी सविना नानीलाई फोहर ठाँउमा राख्नु भयो खाने कुरामा राम्रो ध्यान  दिनु भएन र छुई भएको वेलामा सरसफाई गर्न लगाउने हो महिलाहरुको खराव रगत वगेको वेला घरमा नराखी गोठमा राख्नु भयो त्यो राम्रो होइन घरमै राख्दा हुन्थ्यो वुझ्नु भयो ।

धनविरे : अव मैले प्रष्ट वुझे  हाम्रा गाँउ ठाँउमा कसैलाई पनि वाध्यता नलगाउने जस्ले जुन विचार गर्दछ  त्यस्लाई त्यस्तै गर्न दिने अनि रामे लाई सामाजिक वहिस्कार गरेका थियौ आजबाट त्यो फुकुवा भयो आज बाट हामि सवै मिलेर वस्ने ।

समाप्त